

# अपाङ्गता र पहुँचयुक्तता

पृष्ठ ३

## यसभित्र

समावेशी शिक्षा कार्यान्वयन सुनिश्चिततामा स्थानीय तह / पृष्ठ ९




पृष्ठ ६

**कागजमै सिमित अपाङ्गतामैत्री संरचना**

**DESTINATION NEPAL IS FOR ALL ! / Page 14**



अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण निर्देशिका, २०६५ को संशोधनमा के छ ? / पृष्ठ ३२




**रूपान्तरण**

वर्ष : २१, अङ्क : २, चैत, २०७३
राष्ट्रिय अपाङ्ग महासङ्घ-नेपालको मुखपत्र

सल्लाहकार : **सुदर्शन सुवेदी, देवीबहादुर पोखरेल, टीका दहाल**
**सम्पादन समूह :**
सम्पादक : **राजु बस्नेत**
सदस्य : **ओम प्रकाश बञ्जाडे, मनिष प्रसाई, विमल पौडेल, सागर प्रसाई**
भाषा सम्पादन : **धातृप्रसाद सुवेदी**
आवरण/ले-आउट : **योगेश खपाङ्गी (एक्सप्रेस मल्टिमिडिया)**
प्रकाशक : **राष्ट्रिय अपाङ्ग महासङ्घ-नेपाल, सूचना तथा सञ्चार समन्वय विभाग**
कार्यालय : भृकुटीमण्डप, काठमाडौं ।
फोन : ४२३११५९ फ्याक्स : ४२२९५२२ पो.ब.नं. : ९१८८
इमेल : info@nfdn.org.np, rupantaran@nfdn.org.np
वेबसाइट : www.nfdn.org.np
मुद्रक : **भोजपुर सिद्धकाली प्रिन्टिङ प्रेस**

# पहुँचयुक्तता पहिलो सर्त

पहुँचयुक्तता अपाङ्गता भएका व्यक्तिहरूको जीवनका सबै पक्षमा हुने सहभागितामा वृद्धि गर्न र उनीहरूले पाउनु पर्ने सेवा र सुविधा सहजरूपमा प्राप्त गर्नका निम्ति अनिवार्य पूर्वसर्त हो अर्थात् मानव भएर पाउनु पर्ने सबै अधिकार उपभोगका लागि पहिला नै तयार गरिनु पर्ने कुनै पनि किसिमको सहज एवं सकारात्मक सोच, वातावरण, परिस्थिति, प्रणाली वा पद्धति हो । त्यसैले त अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा ३ मा पहुँचयुक्ततालाई महासन्धिको मुख्य सिद्धान्तका रूपमा स्वीकार गरिएको छ भने धारा ९ मा स्पष्टरूपमा यसका लागि राज्यले अवलम्बन गर्नु पर्ने विविध उपायसहित व्यवस्था गरिएको छ ।

सीआरपीडीलाई घरेलुकरण गर्ने सन्दर्भमा नेपालको संविधान (२०७२) मा अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य नागरिकसरह जीवनयापनका निम्ति सहज, दिगो र पहुँचयुक्त वातावरण निर्माण गर्नु पर्ने व्यवस्था छ भने नेपाल सरकारले न्यूनतम सर्त एवं मापदण्डहरूसहित अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९ लागू गरिसकेको छ । यसैगरी, भूकम्पपछिको पुनर्निर्माण कार्यमा नीतिगतरूपमै सबै सार्वजनिक संरचनाहरूलाई अनिवार्यरूपमा पहुँचयुक्त बनाउने प्रतिबद्धतासहित काम अगाडि बढाइएको छ ।

नीतिगतरूपमा भएका व्यवस्था व्यवहारमा प्रभावकारी ढङ्गबाट कार्यान्वयन भएको पाइँदैन अर्थात् तोकिएका न्यूनतम मापदण्ड कागजमा मात्रै सीमित छन् । केही उदाहरणलाई छाड्ने हो भने निर्देशिका लागू भएपछि वा गएको भूकम्पपछि निर्माण गरिएका कुनै पनि पूर्वाधारहरूमा समेत तोकिएको न्यूनतम मापदण्ड पूरा गरिएको छैन । प्रवेशद्वारमा ह्विलचियर र्‍याम्प राखेर त्यो संरचना सम्पूर्णरूपमा अपाङ्गतामैत्री भएको दाबी गर्ने प्रायः चलन छ, जबकि पहुँचयुक्त संरचनाका लागि र्‍याम्पका साथै शौचालय, धारा, ढोका, सेवा दिने ठाउँ, सूचना प्रणालीलगायतका धेरै कुरा पहुँचयुक्त हुनु पर्ने हुन्छ । त्यसैगरी वेबसाइट एवं सूचना प्रवाह गर्ने अन्य प्रणाली र पद्धतिहरू विभिध प्रकृतिका अपाङ्गता भएका व्यक्तिहरूका आवश्यकतालाई ध्यान दिएर तयार गर्ने चलन सुरु भएकै छैन । न्यूनतम सर्तहरू पालना गरेको वा नगरेको जाँच गर्ने अनुगमन संयन्त्र तथा दण्ड एवं जरिवाना गर्ने व्यवस्थाको परिकल्पनासम्म पनि गरिएको छैन ।

हरेक व्यक्ति तथा निकाय स्वीकृत नीति तथा कानुनको अक्षरशः पालना गर्न र त्यसको प्रभावकारी अनुगमन गर्न प्रतिबद्ध हुनु जरुरी छ । राम्रो गर्नेलाई पुरस्कार एवं न्यूनतम सर्तसमेत पूरा नगरी संरचना एवं प्रणालीहरू निर्माण गर्ने निकायलाई दण्ड एवं जरिवानाको व्यवस्था हुनैपर्छ । प्राविधिक एवं त्यसमा प्रत्यक्षरूपमा काम गर्ने व्यक्तिहरूको हात-हातमा त्यस्तो निर्देशिका पुर्‍याउने, पहुँचयुक्ततासम्बन्धी पर्याप्त तालिम एवं अध्ययन/अवलोकन भ्रमणको व्यवस्था गर्ने र निर्देशिका लागू भएको छ कि छैन भन्ने कुराको निरन्तर अनुगमन गरी पृष्ठपोषण गर्ने जस्ता प्रयासले मात्र अपेक्षित उपलब्धि हासिल गर्न सकिने देखिन्छ ।

अब दिगो र समावेशी समाज निर्माणमा लागिपर्ने हरेक व्यक्ति एवं निकायले एक पटक सोच्नै पर्ने भएको छ– आफूले तयार गरिरहेको संरचना वा प्रणालीबाट के सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलगायत अन्य सबैले सजिलै लाभ लिनसक्छन् त ? आशा गरौँ अबको निर्माण एवं तयारीबाट अपाङ्गता भएका व्यक्तिहरूसँगै सबै व्यक्ति लाभान्वित हुन सक्नेछन् । •



फोटो सौजन्य स्क्वायर युनिट कम्पनि लिमिटेड

# अपाङ्गता र पहुँचयुक्तता



■ **राजेशमान के.सी.**

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी राष्ट्रसङ्घीय महासन्धि, २००६ (UNCRPD-2006) को धारा १ मा अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीयसम्बन्धी दीर्घकालीन अशक्तताद्वारा सिर्जित विभिन्न अवरोधहरूसँगको अन्तरक्रियाका कारणले समाजमा अन्य व्यक्तिहरूसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गमा सहभागी हुन बाधा भएको व्यक्तिसमेतलाई जनाउँछ भन्ने परिभाषा गरिएको छ ।

यसबाट के स्पष्ट हुन्छ भने अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नो असहजताको अनुभूति उनीहरूको शारीरिक अवस्थाले भन्दा पनि भौतिक संरचनाको प्रतिकूलता र यसबाट सिर्जित मानसिक अवस्थाले बढी गराउँछ । त्यसैले, हाम्रा भौतिक संरचनाहरू यदि अपाङ्गतामैत्री हुने हो भने उनीहरूले शारीरिक वा मानसिक असहजताको अनुभूति गर्नु पर्ने अवस्था रहँदैन । उचित सेवा, सुविधा र अवसर पाउने हो भने उनीहरूले पनि राष्ट्रनिर्माणको काममा महत्वपूर्ण योगदान गर्न सक्छन् र समाजमा पूर्ण आत्मसम्मानका साथ जीवनयापन गर्न सक्छन् ।

पहुँचयुक्तताको सन्दर्भमा UNCRPD धारा ९ मा अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्तताको आवश्यकताबारे स्पष्टरूपमा उल्लेख गरिएको छ । त्यस धारा ९ मा अपाङ्गता भएका व्यक्तिहरूलाई स्वनिर्भरतापूर्वक जीवनयापन गर्न तथा जीवनका हरेक पक्षमा पूर्णरूपमा सहभागी हुनका लागि सक्षम बनाउन पक्ष राष्ट्रहरूले अन्य व्यक्तिसरह समान आधारमा अपाङ्गता भएका

व्यक्तिहरूलाई सहरी र ग्रामीण दुवै क्षेत्रहरूमा भौतिक वातावरण, यातायात, सूचना तथा सञ्चार प्रविधिलगायत सर्वसाधारणलाई खुला गरिएका वा प्रदान गरिएका अन्य सुविधा तथा सेवाहरूमा पहुँच सुनिश्चित गर्न उपयुक्त उपायहरू अबलम्बन गर्नेछन् र त्यस्ता उपायहरू, जसमा पहुँचयुक्ततामा रहेका व्यवधान र अवरोधहरूको पहिचान तथा अन्त्यसमेत समावेश हुने छन् भनिएको छ ।

स्मरण रहोस्, नेपालले संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्रको हैसियतले त्यस महासन्धिमा सन् २००६ डिससेम्बर १३ तारिखका दिन हस्ताक्षर गरी त्यसको पूर्णरूपमा पालना गर्ने प्रतिबद्धता जनाइसकेको छ । त्यही प्रतिबद्धता अनुरूप अपाङ्गता भएका व्यक्तिहरूको पहुँचयुक्ततातर्फ केही उपलब्धिहरू हासिल पनि भएका छन् । जस्तो, नेपालको प्रमुख प्रशासनिक केन्द्र मानिने सिंहदरबारस्थित संसद् भवनमा र्‍याम्पको व्यवस्था गरी अपाङ्गतामैत्री बनाइएको छ भने नयाँ बानेश्वरस्थित संविधानसभा भवनमा पनि रोष्ट्रमसम्म ह्वीलचियर जानसक्ने व्यवस्था गरिएको छ । त्यसैगरी महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको नवनिर्मित भवन अपाङ्गतामैत्री बनाइएको छ भने काठमाडौँको जोरपाटीमा रहेको खगेन्द्र नवजीवन केन्द्र र पाटनको सीबीआर भवन पनि अपाङ्गतामैत्री भइसकेका छन् ।

अर्को कुरा, यूएनसीआरपीडको धारा ९ लाई नै कार्यान्वयन गराउनका लागि भनी नेपाल सरकार, मन्त्रिपरिषद्ले वि.सं. २०६९ फागुन ६ गते भौतिक संरचना तथा सञ्चार सेवामा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच स्थापित गराउन भौतिक संरचना तथा सञ्चार सेवामा पहुँचसम्बन्धी निर्देशिका, २०६९ पनि पारित गरिसकेको छ । यो निर्देशिका पारित गराउन राष्ट्रिय अपाङ्ग महासङ्घको पनि निकै महत्वपूर्ण योगदान र भूमिका रहेको छ । त्यसो त महासङ्घले आफ्नै भवन र शौचालय पनि अपाङ्गतामैत्री बनाएर सम्बद्ध सबै सरोकारवालाहरूका लागि एउटा अनुकरणीय उदाहरण प्रस्तुत गरेको छ ।

त्यसैगरी नेपाल सरकारको भवन निर्माण आचार संहिता, २०६० मा पनि सबै व्यक्तिको समान पहुँच पुग्ने भवन निर्माण गर्नु पर्ने प्रावधान राखिएको छ । यो भवन निर्माण संहिताको कोड नं. २०६ मा सार्वजनिक भौतिक संरचनाहरू निर्माण गर्दा शारीरिक अपाङ्गता भएका व्यक्तिहरूका आवश्यकतासम्बन्धी उल्लेखित व्यवस्था कार्यान्वयन गर्नु पर्ने प्रावधानसमेत रहेको छ । यसै सन्दर्भमा नेपाल सरकारले हालसालैमात्र छिमेकी भारतबाट आयात गरेको अढाई दर्जन साझा बसहरू पनि ह्वीलचियर प्रयोगकर्ताले चढ्न मिल्नेगरी अपाङ्गतामैत्री रहेको कुरा यहाँ उल्लेख गर्नु पनि सान्दर्भिक हुनेछ । सबैभन्दा महत्वपूर्ण कुरा गतवर्षमात्र जारी भएको नेपालको संविधान (२०७२) मा अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादित र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुने स्पष्ट व्यवस्था गरिएको छ ।

निश्चय पनि अपाङ्गता भएका व्यक्तिहरूको पहुँचयुक्तताको सवालमा यसलाई महत्वपूर्ण उपलब्धिको रूपमा लिन सकिन्छ तर पनि नेपालले विभिन्न क्षेत्रीय, अन्तर्राष्ट्रिय फोरमहरूमा गरेका प्रतिबद्धता अनुरूप जुन गति र अनुपातमा अपाङ्गतामैत्री भौतिक संरचनाहरू निर्माण हुनुपर्ने हो, त्यस अनुरूप भने हुन सकिरहेको पाइँदैन । उदाहरणका लागि भन्नुपर्दा नेपाल सरकारका कतिपय मन्त्रालय, विभाग तथा सार्वजनिक सङ्घसंस्थामा अझै पनि अपाङ्गता भएका व्यक्तिहरूको सहज पहुँच हुन सकिरहेको छैन । घरदेखि सडकसम्म होस् अथवा गाउँदेखि सहरसम्म, उनीहरूका लागि सहयोगी र अनुकूल वातावरण रहेको पाइँदैन । त्यस्तै, विभिन्न शैक्षिक संस्थाहरू, सार्वजनिकस्थलहरू, धार्मिक र पर्यटकीयस्थलहरू तथा सवारी साधन

प्रयोग गर्नेहरूका लागि प्रतीक्षालय, टिकट काउण्टर, शौचालय र बसपार्कहरू भौतिकरूपमा अपाङ्गतामैत्री हुन नसकेका कारण उनीहरूले आफ्नो दैनिक जीवन कठिनाइपूर्ण भएको अनुभव गरिरहेका छन् । विशेषगरी सूचना, सञ्चार तथा प्रविधि जस्ता आधुनिक उपकरणहरूमा उनीहरूको यथोचित पहुँच पुग्न नसक्दा उनीहरूले समाजमा आत्मनिर्भर र आत्मसम्मानका साथ जीवनयापन गर्न सकिरहेका छैनन् ।

पहुँचयुक्तताकै कुरा गर्दा अहिले राजधानीमा सडक विस्तार गर्ने काम जोडतोडका साथ भइरहेको छ तर ती सडक कति पहुँचयुक्त छन् त ? अथवा कति अपाङ्गतामैत्री छन् त ? यसतर्फ सम्बन्धित सरोकारवालाहरूको खासै ध्यान पुगेको देखिँदैन । सडक पेटीहरू त यसरी बनिरहेका छन् मानौँ यहाँ अपाङ्गता भएका व्यक्तिहरू नै छैनन् अथवा उनीहरूलाई सडकपेटीमा हिंडडुल गर्नै पर्दैन । त्यसमाथि सडक विस्तार गर्ने नाममा भत्काइएका संरचना समयमा मर्मत हुन नसक्दा के अपाङ्ग, के सवलाङ्ग, सबै राजधानीबासीले अहिले सास्ती खेपिरहेका छन् । हिउँदमा धूलो र वर्षामा हिलोको सकसबाट गुज्रनु उनीहरूका लागि नियमित दिनचर्या नै जस्तो भइरहेको छ । कहिले काहीँ त यस पङ्क्तिकारलाई पनि राजधानीको सडकमा हिंड्नु भनेको ठूलै पाप हो कि जस्तो पो लाग्छ ! के गर्नु र ? दैनिक गुजारा त चलाउनै पर्‍यो, जीवन निर्वाह गर्नै पर्‍यो ।

सडक विस्तारकै प्रसङ्गमा कुरा गरिरहँदा दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरू अझ बढी समस्यामा परेका छन् । त्यसै पनि दृष्टिविहीन अपाङ्गता भनेको एउटा संवेदनशील अवस्था हो, त्यसमाथि सार्वजनिकरूपमा बनेका बाटा नै अपाङ्गतामैत्री नभइदिँदा उनीहरूले सहजरूपमा सेतोछडी लिएर हिंड्नसमेत सकिरहेका छैनन् । बाटो काट्ने अवस्थामा त कोही सहयोगी भएन अथवा कसैले सहयोग गरिदिएन भने उनीहरूले घण्टौँसम्म सडकमै उभिनुपर्ने अवस्था छ । सबैले उनीहरूलाई दयामायाका दृष्टिले मात्र हेर्छन्, विचरा भन्छन्, कठैबरा भन्छन् तर उनीहरू विचरा होइनन् र कठैवरा पनि होइनन् । वास्तबमा उनीहरू देख्नसक्नेहरू जति नै सक्षम छन् र क्षमतावान छन्, मात्र उनीहरूको क्षमता उपयोगका लागि, प्रतिभा प्रस्फुटनका लागि उचित अवसर र वातावरणको खाँचो छ । यस्तो अवसर र वातावरण निर्माण गरिदिने दायित्व सम्बद्ध सबै सरोकारवाला, अधिकारर्मी र अभिभावकवर्गको पनि हो । त्यसमा पनि राज्यले यस कुरालाई बढी गम्भीरतापूर्वक लिनुपर्दछ र तदनुरूपका नीति तथा कार्यक्रम ल्याउनुपर्दछ किनकि समाजका सबै वर्ग, क्षेत्र र समुदायको मुख्य अभिभावक र संरक्षक भनेको राज्य नै हो ।

संक्षेपमा भन्नुपर्दा अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक मूलप्रवाहीकरण र मानव निर्मित भौतिक संरचनाबीच अत्यन्त निकट र घनिष्ठ सम्बन्ध रहेको हुन्छ । यस वास्तविकतालाई मनन गरी अबका दिनमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई सहज हुने किसिमका भौतिक संरचना निर्माण गरिनुपर्दछ । अपाङ्गतामैत्री वातावरणको सवाललाई प्रभावकारी ढङ्गमा अगाडि बढाउनुपर्दछ । विशेषगरी, दृष्टिविहीन व्यक्तिहरूको हकमा भन्नुपर्दा उनीहरूको क्षमता उपयोग, प्रतिभा प्रष्फुटन र सम्मानजनक जीवनयापनका लागि उनीहरूले अध्ययन गर्ने ब्रेललिपिका पाठ्यपुस्तक सहजरूपमा उपलब्ध गराउने, सडकमा ट्राफिक लाइटको अवस्था साङ्केतिकरूपमा सुन्ने अनि विद्यमान सूचना तथा सञ्चार प्रविधिका नवीनतम साधनहरूमा समेत उनीहरूको सहज पहुँच पुग्ने वातावरण बनाउने गर्नुपर्दछ । त्यसका लागि राज्यले नै विशेष पहल र अग्रसरता देखाउनुपर्दछ किनकि राज्यले प्रतिबद्धता जनाउनेमात्र होइन प्रतिबद्धता प्रभावकारीरूपमा कार्यान्वयन गर्ने आँट पनि देखाउनुपर्दछ । ०

(लेखक दृष्टिविहीन अभिभावक सङ्घ नेपालका अध्यक्ष हुनुहुन्छ ।)

## आफ्ना आवश्यकता आफैँ पूरा गर्न छेक्छन् पूर्वाधारले

# नीतिमा एउटा, व्यवहारमा अर्कै

■ संकर चैसिर

नेपालको संविधान (२०७२) अनुसार अन्य व्यक्तिलाई जस्तै हरेक अपाङ्गता भएका व्यक्तिलाई पनि स्वतन्त्ररूपमा आफ्नो दैनिक जीवनयापन गर्ने अधिकार छ । त्यसका लागि उनीहरूलाई समेत सहज हुनेखालका पहुँचयुक्त भौतिक पूर्वाधार एवं सञ्चार प्रणालीहरूको व्यवस्था गर्नु समाज र राज्यको दायित्व हो । यसै सन्दर्भमा नेपाल सरकारले कम्तीमा पनि सार्वजनिक संरचना, प्रणाली वा पद्धतिको निर्माण एवं विकासमा अवलम्बन गर्नु पर्ने न्यूनतम मापदण्डसहित अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९ स्वीकृत गरी लागू गरिसकेको छ ।

केही स्थानमा काम सुरु गर्न खोजिएको छ भए पनि यो निर्देशिका लागू भएको ५ वर्ष पुगिसक्दा समेत एक-दुई उदाहरणलाई छाडेर सर्वसाधारणका लागि खोलिएका सार्वजनिक स्थल सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूले स्वतन्त्ररूपमा सजिलै प्रयोग गर्न सक्ने वा सेवा लिनसक्ने स्थल बन्नसकेका छैनन् । यसले के देखाउँछ भने तोकिएका न्यूनतम मापदण्ड कागजमा मात्रै सीमित छन् । यस भनाइलाई प्रमाणित गर्न कुनै विशेष अनुसन्धान वा अध्ययनको आवश्यकतै छैन, देशकै राजधानी काठमाडौँ मुख्य शहरका यी केही झलक नै पर्याप्त छन् ।



१. काठमाडौँको बबरमहलमा रहेको नागरिक उड्डयन प्राधिकरणको कार्यालय अगाडि रहेको सडकपेटि, जहाँ दृष्टिविहीन व्यक्तिहरूका लागि बाटो पहिल्याउन सजिलो होस् भनेर ट्याक्टाइल ओछ्याइएको छ तर यो ट्याक्टाइलकै कारण कुनै पनि बेला दुर्घटना हुनसक्छ किनकि यो ट्याक्टाइल यस्तो ठाउँमा लगेर टुङ्ग्याइएको छ, जसको अगाडि ठूलो खाडल रहेको कुरा चित्रमा स्पष्टरूपमा देख्न सकिन्छ ।



२. यो तस्बिरमा काठमान्डौ स्थित माइतीघर-कोटेश्वर सडक खण्डको विभिन्न ठाउँमा निर्माण गरिएका जेब्राक्रसिङ्हरूको चित्र देखाइएको छ । यसरी बनाईएका जेब्राक्रसिङ्हरू अपाङ्गता भएका व्यक्तिहरूका लागिकुनै पनि अर्थमा मैत्रीपूर्ण छैनन् ।



३. चित्रमा देखिए जस्तै काठमाडौँमा चल्ने सार्वजनिकयातायातका साधनहरू अपाङ्गता मैत्री छैनन् । जसको परिणाम स्वरूप उनीहरू सार्वजनिक यातायातको प्रयोग क्रममा ठूलो सास्तीभोग्दैआइरहेकाछन्।केहि समय यता साझा यातायातले काठमान्डौ उपत्यकामा ह्विलचियर र्याम्प सहितका १६ ओटा ठूला गाडि सञ्चालन गरिरहेको छ। यो स्वागतयोग्य काम भए पनि पर्याप्त भने छैन।

४. आफ्ना आवश्यकता आफै पुरा गर्न छेक्छन् पूर्वाधारले: संरचनाहरू पहुँच युक्त हुने गरी नबनाएकै कारण अपाङ्गता भएका व्यक्तिहरूले आफ्ना दैनिक जीवनका सामान्य भन्दा सामान्य क्रियाकलापहरू स्वतन्त्र रूपमा गर्न सक्ने परिस्थिति बन्न सकेको छैन ।



५. बैंकहरुएवम् उनीहरूका एटीएम् बुथहरू सम्मसबै प्रकृतिका अपाङ्गता भएकाव्यक्तिहरूकोपहुँच नै छैन ।




६. निर्वाचन आयोगमा अपाङ्गता भएका व्यक्तिहरूको लागी छुट्टाईएको पार्किङ्ग स्थल तथा व्हिलचियर र्याम्प ।















७. ललितपुरको पुल्चोकमा निर्माण भएको लबिम मल अपाङ्गता भएका व्यक्तिहरूका लागी पहुँचयुक्त बनाउनका लागी यसमा अपाङ्गता मैत्री व्हिलचियर र्याम्प, अपाङ्गता मैत्री शौचालय, लिफ्ट तथा अपाङ्गता भएका व्यक्तिहरूका लागी छुट्टै पार्किङ्ग स्थल निर्माण गरिएको छ। नीजि स्तरबाट गरिएका यस किसिमका कार्यहरू सराहना गर्न योग्य छन् ।



८. सिँघदरबार स्थित महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले आफ्नो नयाँ भवनमा अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरी निर्माण गरेको व्हिलचियर र्याम्प ।

# कागजमा मात्रै सीमित अपाङ्गतामैत्री संरचना

■ **कृष्ण खनाल**

रूपन्देहीको प्रमुख प्रशासनिक निकाय जिल्ला प्रशासन कार्यालयमा अपाङ्गता भएकी महिला 'हाकिम सा'प खोई' भन्दै घस्रँदै भित्र छिर्नुभयो । सबै उहाँको अपाङ्गतालाई क्वाक्वार्ति हेरिरहेका थिए । उहाँका साथमा रहेका आफन्त (नाति) ले उहाँलाई प्रशासकीय अधिकृत तुलसीराम भण्डारीकहाँ लग्नुभयो ।

तल्लो तलामा रहनुभएका प्रशासकीय अधिकृत भण्डारीकहाँ ती महिलाले नमस्कार गर्दै भन्नुभयो– 'लौन हाकिम सा'प म मर्कामा परेँ, न्याय दिनुपर्‍यो ।'

ती महिलालाई सम्झाउँदै भण्डारीले भन्नुभयो– 'हाकिम सा'प (सहायक प्रजिअ) बाहिर जानुभएको छ, उहाँ आएपछि म तपाईंका बारेमा कुरा गरिदिन्छु, एकैछिन बाहिर गएर बस्नुस् न ल ।'

उहाँ कोठाबाट बाहिर आउँदै गर्दा नजिकै रहेका व्यक्तिसँग सोध्नुभयो– 'हाकिम सा'प बस्ने कोठा कहाँ हो ?' नजिकै रहेका व्यक्तिले माथिल्लो



तला देखाउँदै 'तर अहिले हाकीम सा'प बाहिर जानुभएको छ' भनिदिए ।

उहाँ बाहिर निस्केपछि प्रशासकीय अधिकृत भण्डारीले भन्नुभयो– 'के गर्ने यस्ता मान्छेको पनि पैसा खाइदिएछन्, न्यायका लागि आएकी रैछन्, सहयोग गर्नुछ ।'

जिल्लाको प्रमुख प्रशासनिक निकाय जिल्ला प्रशासन कार्यालयको भवन केही समय पहिलामात्र निर्माण गरिएको हो । भवन नयाँ हो, कतिपय कोठा अझै प्रयोगमा आएकै छैनन् तर अपाङ्गता भएका व्यक्तिहरू, विशेषगरी ह्विलचियर प्रयोगकर्ताहरू माथिल्लो तलामा जानसक्ने अवस्था छैन । अर्थात, भर्खरै निर्माण गरिएको भवनमा ह्विलचियर जाने गरी र्‍याम्प बनाइएको छैन । प्रमुख प्रशासनिक निकायको नयाँ भवन बनाउँदासमेत अपाङ्गमैत्री अवधारणा अवलम्बन गरिएको छैन ।

जिल्ला प्रशासन कार्यालयका प्रमुख व्यक्ति प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद ढकाल, सहकाय प्रमुख जिल्ला अधिकारी कौशलराज शर्मा पहिलो तलामा बस्दै आउनुभएको छ भने महिला, बालबालिका र अपाङ्गताको विषयमा हेर्दै आउनुभएकी सहायक प्रमुख जिल्ला अधिकारी मुनिका न्यौपानेको कोठा झनै माथिल्लो अर्थात तेस्रो तलामा छ । उहाँहरूकहाँ जो–कोही अपाङ्गता भएका व्यक्ति सहजरूपमा पुग्न सक्दैनन् । तला उक्लिन सीढी बनाइएको छ, त्यसबाट ह्विलचियर प्रयोगकर्ता अपाङ्गता भएका व्यक्तिहरू माथिल्लो तलामा जान सम्भवै छैन ।

२०६९ फागुन ६ गतेको मन्त्रिपरिषद् बैठकले पारित गरेको अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिकामा सरकारी भवन, विद्यालय, विश्वविद्यालय, अस्पताल, स्वास्थ्य संस्था, धार्मिकस्थल, सडक, सडकपेटी, यात्रु प्रतीक्षालय अपाङ्गतामैत्री बनाउने र उपयुक्त ह्विलचियर र्‍याम्प, ढोका, झ्याल, गाइडिङ ब्लक र ब्रेलको अनिवार्य व्यवस्था गरिने छ भन्ने उल्लेख छ ।

त्यस्तै, सोही व्यवस्था अनुसार पार्किङस्थल, मनोरञ्जनस्थल, खेलमैदान, सम्मेलन केन्द्र, सिनेमा हल, व्यावसायिक भवन, आवासीय भवन, होटल–रेष्टुरेण्ट, बैङ्कको एटीएम आदिलाई अपाङ्गतामैत्री बनाउनुपर्ने व्यवस्था छ । ती स्थानमा अपाङ्गता भएका व्यक्तिका लागि उपयुक्त ह्विलचियर र्‍याम्प, ढोका, झ्याल, गाइडिङ ब्लक र ब्रेलको अनिवार्य व्यवस्था गर्नुपर्छ ।

रूपन्देही जिल्लाका सबै सरकारी भवन अपाङ्गतामैत्री छैनन् । केही वर्ष पहिला रूपन्देहीको जिल्ला विकास समितिको सामाजिक विकास शाखा तीन तलामाथि राखिएको थियो । पटक पटक अपाङ्गता भएका व्यक्तिहरूले आवाज उठाएको विषय बुटवल टुडे दैनिकमा प्रकाशन भएपछि तत्कालीन स्थानीय विकास अधिकारी विश्वप्रकाश अर्यालले माथिल्लो तलामा रहेको शाखालाई तल्लो तलामा झार्नुभयो ।

आर्थिक वर्ष २०६४/६५ बाट अपाङ्गता जिल्ला समन्वय समितिले स्थानीय विकास अधिकारीसँग त्यस विषयमा पटक पटक विचार गर्न आग्रह गरेको थियो । जिल्ला विकास समिति रूपन्देहीका सामाजिक विकास शाखा प्रमुख दुर्गाप्रसाद श्रेष्ठ गत भदौ महिनामा सामाजिक शाखा तल्लो तलामा सारिएपछि केही सहज भएको बताउनुहुन्छ यद्यपि जिल्ला विकास समितिका प्रमुख स्थानीय विकास अधिकारी माथिल्लो तलामा बस्ने भएकाले अपाङ्गता भएका व्यक्तिहरूले ह्विलचियर प्रयोग गरेर उहाँलाई भेट्नसक्ने अवस्था छैन ।

अपाङ्गताको विषय हेर्ने जिल्ला विकास समितिका सामाजिक विकास शाखाका अधिकृत श्रेष्ठ भन्नुहुन्छ– एउटा शाखामात्र अपाङ्गतामैत्री भएर भएन, सबै शाखा तथा सरकारी कार्यालय अपाङ्गतामैत्री निर्माण भएमा राम्रो हुन्छ ।

नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिलाई अनुमोदन गरेको करिब छ वर्ष भयो । सन् २००६ पारित महासन्धि सन् २००८ मा

सरकारले अनुमोदन गरेको भए पनि अहिलेसम्म त्यो पूर्णरूपमा कार्यान्वयनमा आउनसकेको छैन । संयुक्त राष्ट्रसङ्घले पारित गरेको यो महासन्धिमा अपाङ्गता भएका व्यक्तिहरूले पाउनुपर्ने हक तथा अधिकार, अपाङ्गतामैत्री भौतिक संरचना, निःशुल्क शिक्षा तथा अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको क्षमता अनुसारको रोजगारी सिर्जना गर्नुपर्ने कुरा उल्लेख छ तर यी कुरा अहिलेसम्म पनि कागजमा मात्रै सिमित पाइन्छन् ।

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका अध्यक्ष सुदर्शन सुवेदी अपाङ्गतामैत्री भौतिक संरचनासम्बन्धी व्यवस्था कार्यान्वयन गर्ने मनसाय र प्रभावकारी अनुगमन नहुँदा अपाङ्गता भएका पाँच लाखभन्दा बढी व्यक्ति आधारभूत अधिकारबाट वञ्चित हुने बताउनुहुन्छ । 'सुहाउँदो शौचालय नभएकै कारण अपाङ्गता भएका व्यक्तिहरूले कतै निस्कनुपर्दा पानी नखाई निस्कनु पर्ने अवस्था छ', सुवेदी भन्नुहुन्छ– 'ह्विलचियर र्‍याम्प नभएर सरकारी कार्यालयहरूमा टेक्नै नपाएपछि त्यहाँको बाँकी सुविधा कल्पनाबाहिरको विषय भएको छ ।'

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका बरिष्ठ उपाध्यक्ष तथा पश्चिमाञ्चल विकास क्षेत्रका पूर्व अध्यक्ष देवीबहादुर पोखरेलले अपाङ्गतामैत्री भौतिक संरचना निर्माण गर्नुपर्छ भनेर कुरा गरे पनि सरकारी निकायबाट ध्यान नदिइँदा पूर्ण कार्यान्वन हुन नसकेको बताउनुभयो । उहाँ भन्नुहुन्छ– 'अपाङ्गतामैत्री भौतिक संरचना बनाउन छुट्टै बजेट विनियोजन गर्नुपर्छ भन्ने सोचका कारण पनि कतिपय भौतिक संरचना अपाङ्गता भएका व्यक्तिहरूको पहुँचमा पुग्न नसकेका हुन् ।'

उहाँले भन्नुभयो– 'हामीले निर्माण भइसकेका संरचना भत्काएर पुनः अपाङ्गतामैत्री बनाउनुपर्छ भनेका छैनौँ, बन्दै गरेका नयाँ भौतिक संरचनाहरूको केही स्वरूप परिवर्तन गरेर थोरै लागतमा भौतिक अवस्था सुधार गरेर अपाङ्गतामैत्री बनाउन सकिन्छ ।'

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल पश्चिमाञ्चल क्षेत्रीय कार्यालय बुटवलकी संयोजक सावित्रा घिमिरे पनि अपाङ्गता भएका व्यक्तिहरू, त्यसमा पनि महिलाले भौतिक संरचनाको अभावका कारण थप मारमा पर्नुपरेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ– 'कतिपय सरकारी कार्यालयमा जाँदा भौतिक संरचनाकै कारण कतिपय अवस्थामा अप्ठ्यारो भोग्नुपरेको छ ।'

बुटवल नगरपालिकाका सामाजिक विकास अधिकृत दामोदर ज्ञवाली पनि अपाङ्गता क्षेत्र अलि बढी संवेदनशील भएका कारण आफूहरूले जहिले पनि सहकार्य गरेर काम गर्ने बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ– 'हामीले राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालसँग समन्वय गरेर काम गरिरहेका र आगामी दिनमा पनि सहकार्य जारी रहने छ ।'

रूपन्देहीका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद ढकाल अपाङ्गता भएकाको पक्षमा सरकारले अपाङ्गतामैत्री समाज निर्माण गर्दा सरकारी र गैरसरकारी संस्थासमेत अपाङ्गतामैत्री बनाउनुपर्ने धारणा व्यक्त गर्नुहुन्छ । सरकारी कार्यालय अहिले जे जस्तो अवस्थामा छन्, तिनीहरूको संरचनागत सुधार गरेर अपाङ्गतामैत्री बनाउन आफ्नो प्रयास जारी रहने उहाँले बताउनुभयो । उहाँ भन्नुहुन्छ– 'अहिले निर्माण भएका भवनलाई अपाङ्गतामैत्री बनाउन के कसरी सम्भव हुन्छ, त्यसका लागि हामी आ–आफ्ना क्षेत्रबाट तयार छौँ ।'

एउटा तथ्याङ्क अनुसार, एक करोड रुपियाँको लागतमा बनिसकेको भवनको सेमिनार हललाई अपाङ्गतामैत्री बनाउन १२ हजार, टाउन हललाई २० हजार, कलेजका कक्षा कोठालाई ५१ हजार र सपिङ सेन्टरलाई २२ हजार रुपियाँ अतिरिक्त खर्चले पुग्छ । अपाङ्गता सुहाउँदो बनाउने सोच सुरुमै राख्ने हो भने सेमिनार हलमा दुई हजार, टाउन हलमा पाँच हजार, कलेजमा १३ हजार र सपिङ्ग सेन्टरमा ६०० रुपियाँ थप लागत भए पुग्छ । ०

# समावेशी शिक्षा कार्यान्वयन सुनिश्चितत्तामा स्थानीय तह

■ गणेशप्रसाद पौडेल, शिक्षा विभाग

## १. समावेशी शिक्षा

शिक्षा बालबालिकाको मौलिक अधिकार हो । मौलिक अधिकार संरक्षणका लागि शिक्षाको सुनिश्चितता अनिवार्य सर्त हो । बालबालिकाका सिकाइ आवश्यकता फरक फरक हुनु प्राकृतिक यर्थाथ हो । फरकपनलाई स्वाभाविकरूपमा स्वीकार गर्नु, सबैका लागि अनुकूल हुने सिकाइ पद्धति विकास गर्नु र सबै बालबालिकालाई सम्मानपूर्वक सिकाइको व्यवस्थापन गर्नुलाई समावेशी शिक्षा भनिन्छ ।

समावेशी शिक्षाका सन्दर्भमा अपाङ्गता भएका बालबालिका, दलित पृष्ठभूमिका बालबालिका, जनजाति, पछाडि परेका एवं पारिएका परिवारका बालबालिका, सडक बालबालिका, अति गरीब परिवारका बालबालिका, अनाथ बालबालिका, छात्रालगायत अन्य धेरै प्रकारका बालबालिकाको विषयमा चर्चा गरिन्छ तर यस संक्षिप्त लेखमा अपाङ्गता भएका बालबालिकाको विषयमात्र समावेश गरिएको छ ।

## २. समावेशी शिक्षाका सन्दर्भमा भएको संवैधानिक व्यवस्था

राजनीतिक दलहरूको ६५ वर्षभन्दा लामो अवधिको राजनीतिक एजेण्डाको रूपमा रहेको संविधानसभाले ५ वर्ष १० महिना लगाएर नेपालको संविधान जारी गर्‍यो । संविधानमा ३५ ठाउँमा समावेशी शब्द प्रयोग भएको छ । संविधानमा शिक्षासम्बन्धी व्यवस्था निम्न अनुसार रहेका छन् ।

- धारा ३१ (१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
- धारा ३१ (२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिकसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
- धारा ३१ (३) अपाङ्गता भएका र आर्थिकरूपले विपन्न नागरिकलाई कानूनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- धारा ३१ (४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानूनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

### बालबालिकाको हक

- धारा ३९ (१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।
- धारा ३९ (२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ ।
- धारा ३९ (३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक

हुनेछ ।

- धारा ३९ (४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।
- धारा ३९ (५) कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।
- धारा ३९ (७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।
- धारा ३९ (९) असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।
- धारा ४२ (३) अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ ।

## ३. संवैधानिक जवाफदेहिता र स्थानीय तह

नेपालको संविधानको धारा २१४ ले स्थानीय तहको कार्यकारिणी अधिकार गाउँपालिका वा नगरपालिकामा र धारा २२१ ले स्थानीय तहको व्यवस्थापकीय अधिकार गाउँसभा र नगरसभामा स्थापित गरेको छ ।

संविधानको धारा ५७ ले राज्यशक्तिको बाँडफाँटको व्यवस्था मिलाएको छ । अनुसूची ८ मा स्थानीय तहको अधिकारका २२ वटा सूची राखिएकोमा क्र.सं. ८ मा आधारभूत र माध्यमिक शिक्षा राखिएको छ । त्यस्तै, धारा २२६ ले अनुसूची ८ र ९ को सूचीमा उल्लेखित विषयमा आवश्यक कानून बनाउने सक्ने व्यवस्था गरेको छ ।

संविधान प्रदत्त मौलिक हकको प्रत्याभूति गर्नु राज्यको अपरिहार्य शर्त हो । मौलिक हक पूरा नगर्दा नागरिकले न्यायिक प्रश्न उठाउन सक्छ । जवाफदेही सरकारले प्रत्येक नागरिकका प्रश्नलाई सम्बोधन गर्नुपर्दछ ।

नेपालमा संविधान अनुसारको पुनःसंरचना हुँदैछ । स्थानीय तहको निर्वाचन हुनेक्रममा छ । स्थानीय तह निर्माणसँगै संविधानले शिक्षाका हक अधिकार सोही तहबाट सम्बोधन गर्ने दृष्टिकोण उजागर गरेको छ । सबै बालबालिका, त्यसमा पनि विशेष गरेर हालसम्म सम्मानजनक हैसियतमा शैक्षिक मूलप्रवाहमा समेटिन नसकेका अपाङ्गता भएका बालबालिकाका मौलिक हक स्थानीय तहबाट सम्बोधन एवं संरक्षण गर्न नेपालको संविधानले मार्गदर्शन गरेको छ ।

## ४. संवैधानिक व्यवस्था कार्यान्वयनका लागि गर्नु पर्ने तयारी

### क) पहुँचको हक

संविधानको धारा ३१ (१) मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ भन्ने उल्लेख छ । यो उपधाराको हकको संरक्षण गर्नका लागि अति नै तीव्रखालका अपाङ्गता भएका बालबालिका, जो उठ्नसकेका छैनन्, विस्तारा (ओछ्यान) मा कुनै योजना, लक्ष्य एवं गन्तव्यबिना पल्टिएका छन्, जसको उत्तेजनात्मक व्यवहारका कारण बाबु–आमाले बाध्यतापूर्वक कोठामा थुनेका छन्, तीव्रखालका अटिजम, डाउनसिन्ड्रोम, श्रवण–दृष्टिविहीन, मष्तिष्क पक्षाघातका कारण कसैसँग कुनै किसिमको सञ्चार गर्नसकेका छैनन्, न त उनीहरूले अन्य साङ्ग भएकालाई आफ्नो अवस्था र बाध्यता बुझाउनसकेका छन् न त साङ्ग भनिएका हामीले उनीहरूको अवस्था, बाध्यता बुझ्नसकेका छौँ । यस्तो अवस्थाका बालबालिकालाई हालको शैक्षिक पद्धतिले समेट्न सकेको छैन ।

यी र यस्तै किसिमका बालबालिकाको शैक्षिक पहुँच के हो ? यसलाई कसरी परिभाषित गर्ने ? कस्तो शैक्षिक पद्धति कायम गर्ने वा गराउने ? कस्तो जनशक्तिको व्यवस्थापन गर्ने ? स्रोतको व्यवस्थापन कसरी गर्ने भन्ने जस्ता विषयमा स्थानीय तहको गठनसँगै तयारी गर्नु पर्ने अवस्था छ ।

## ख) अनिवार्य शिक्षा

नेपालको संविधान (२०७२) को धारा ३१ (२) ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क हुने हक स्थापित गरेको छ । अनिवार्य शिक्षाका सन्दर्भमा चर्चा सुरु भएको झण्डै ७ दशकको यात्रा पार गर्दासमेत अनिवार्य शिक्षा के र कसरी भन्ने विषय स्पष्ट हुनसकेको छैन । अनिवार्यताको मापन गर्ने सूचक के के हुन्, त्यसका लागि जिम्मेवारी कस कसले बहन गर्नुपर्ने हो भन्ने जस्ता विषय हालसम्म अनुत्तरित छन् । कुनै अभिभावकले आफ्ना सन्ततिलाई विद्यालय नपठाए अभिभावकलाई के कारबाही कसले गर्ने ? अभिभावकले पठाउने विद्यार्थी आफैँ विद्यालय जान मानेनन् भने त्यसको समाधान के हुने ? बाबु आमा एवं अभिभावकविहीन बालबालिकाको जिम्मेवारी कसले लिने ? वस्ती अत्यन्त कम भएको सानो सङ्ख्यामा बालबालिका रहेका ठाउँमा अनिवार्य शिक्षाको सुनिश्चितताको मोडालिटी के हुने ? अति तीव्र अपाङ्गता भएका बालबालिकालाई अनिवार्य आधारभूत शिक्षा के र कसरी हुने जस्ता विषयमा गाउँसभा र नगरसभामा प्राथमिकताका साथ प्रवेश गर्नु आवश्यक देखिन्छ ।

## ग) निःशुल्क शिक्षा

संविधानले अपाङ्गता भएका बालबालिकालाई उच्चशिक्षासम्मको शिक्षा निःशुल्क गर्ने विषय उठान गरेको छ । हालसम्म यो प्रावधान कार्यान्वयनका सन्दर्भमा अपाङ्गता भएका विद्यार्थीले धेरै कठिनाइ झेल्दै आएका छन् । हाल देशभरिमा करिब २० प्रतिशत विद्यार्थी निजी विद्यालयमा अध्ययन गर्छन् । निजी विद्यालयबाट निःशुल्क सम्भव होला त ? एकातिर संविधान प्रदत्त निःशुल्क शिक्षा अर्कोतर्फ निजी विद्यालयको कसरी व्यवस्थापन गर्ने भन्ने आफैँमा चुनौतीपूर्ण बनेको छ । संविधान प्रदत्त हक उपयोग गर्न हरेक नागरिकले पाउनुपर्दछ । के र कसरी गर्ने भन्ने विषयमा स्थानीय तहले एउटा स्पष्ट दृष्टिकोण तयारी गर्नु पर्ने अवस्था देखिन्छ ।

## घ) बाल अधिकार, बाल सहभागिता र दण्डरहित शिक्षाको सुनिश्चतता

संविधानको धारा ३९ ले बाल अधिकारको व्यवस्था गरेको छ । बाल अधिकारको संरक्षणका लागि परिवार, समाज, समुदायको तयारी पुगेको छैन । सबै स्थानीय तहमा आउने जनप्रतिनिधि, विद्यालयका शिक्षक–कर्मचारी, स्थानीय तहका अन्य सम्बद्ध पदाधिकारीलाई बाल अधिकार, बाल सहभागिता एवं दण्डरहित विद्यालय वातावरण विकासका लागि तयारी गर्ने जिम्मेवारी स्थानीय तहमा स्थानान्तरण भएको छ ।

## ङ) अपाङ्गता भएका बालबालिकाका लागि अनुकूल शिक्षा

संविधानले व्यवस्था गरेको समावेशी शिक्षाको मान्यताबमोजिम सबै (हालको वर्गीकरण अनुसार शारीरिक अपाङ्गता, दृष्टिसम्बन्धी अपाङ्गता, सुनाइसम्बन्धी अपाङ्गता, श्रवण र दृष्टिविहीनता, स्वर/बोलाइसम्बन्धी अपाङ्गता, मानसिक अपाङ्गता बहु–अपाङ्गता) किसिमका अपाङ्गता भएकाहरूका लागि अनुकूलन हुने शैक्षिक मोडेलहरू हालसम्म बन्नसकेका छैनन् ।

तीव्रखालका अपाङ्गता भएका बालबालिकाका लागि शिक्षा के हो, कुन किसिमको सिकाइलाई शिक्षाको परिभाषामा समावेश गर्ने, कुन सिकाइका लागि आधारभूत शिक्षाको तहमा राख्ने भन्ने जस्ता सुन्दा सामान्य लाग्ने तर शैक्षिक एवं व्यवस्थापकीय

दृष्टिले दूरगामी प्रभाव पर्ने दर्जनौँ प्रश्नको जवाफ अबको स्थानीय तहले खोज्नुपर्ने हुन्छ ।

### ७. निष्कर्ष

नेपालको संविधान (२०७२) ले आधारभूत शिक्षालाई अनिवार्य र निःशुल्क बनायो । राज्यशक्तिको बाँडफाँडका क्रममा शिक्षालाई स्थानीय तहमा जिम्मेवारी स्थापित गर्‍यो । संवैधानिकरूपमा भएको व्यवस्था कार्यान्वयन गर्न र सबै अपाङ्गता भएका बालबालिकाका लागि अनुकूल शिक्षा सुनिश्चित गर्न स्थानीय तहको गठनसँगै तत्काल तयारी सुरु गर्नुपर्छ । अपाङ्गता क्षेत्रमा काम गर्ने पदाधिकारी, सहयोग समन्वय सद्भाव राख्ने सबैले संविधानप्रदत्त समावेशी शिक्षा कार्यान्वयन गर्ने जिम्मेवारी पाएको स्थानीय तहमा यथार्थ सूचना प्रवाह गर्ने र सहयोग गर्नुपर्दछ । गठन भएका स्थानीय तहको नेतृत्वमा सिङ्गो नेपाल सरकारबाट बालबालिकाप्रति दीर्घकालीन सोच, स्पष्ट दृष्टिकोण, पर्याप्त स्रोतको व्यवस्थापन हुनसकेमा संविधानको मर्म, भावना र मार्गदर्शन व्यावहारिकरूपमा सफल हुने देखिन्छ । 0

### सन्दर्भ सामग्री

१. नेपालको संविधान (२०७२)
२. समावेशी शिक्षा नीति, २०७३ – शिक्षा मन्त्रालय, सिंहदरबार
३. समाहित शिक्षा र बालमैत्री विद्यालय, २०६३ – शिक्षा विभाग, समाहित शिक्षा शाखा, सानोठिमी, भक्तपुर
४. नेपाल राजपत्र – भदौ २, २०६३ – नेपाल सरकार
५. समाहित शिक्षा सूचना सामग्री २०६८, शिक्षा विभाग, समाहित शिक्षा शाखा
६. समाहित शिक्षा एवं बालमैत्री शिक्षा सहयोगी सामग्री, शिक्षा विभाग, समाहित शिक्षा शाखा

# पहुँचयुक्त बन्दैछन् जाँते गाविसका सार्वजनिक संरचना






जाँते गाविसमा रहेका सरकारी तथा गैरसरकारी निकायका भवन र्‍याम्पका साथै ढोकाका चुकुल अपाङ्गतामैत्री थिएनन् । अपाङ्गता भएका बालबालिका बिद्यालयमा पढन जाँदा एक आर्का कोठामा हिडडुल गर्न असहज भइरहेको थियो । अपाङ्ता भएका व्यक्तिहरू स्थानीय गा.वि.स., स्वास्थ्य चौकी तथा अन्य निकायमा सेवा सुविधा लिनबाट वञ्चित हुनुपरिरहेको थियो ।

स्थानीयस्तरका विभिन्न सरकारी निकायका भवनको अपाङ्गतामैत्री सञरचनाबारे अनुगमन गरी जाँते गाविसका सरकारी भवनहरुको अवस्थाबारे अधारभूत सर्वेक्षण गरियो । विभिन्न सरोकारवाला निकायहरुसँग विभिन्न चरणमा औपचारिक तथा अनौपचारिक बैठक, छलफल गरी अपाङ्गतामैत्री र्‍याम्प, ढोकाको चुकुल जस्ता भौतिक निर्माणकार्यमा अनुमानित खर्च माग गरेर एन.एल.आर. को सहयोगमा र एन.एफ.डी.एन. को सहकार्यमा अपाङ्गतामैत्री भौतिक पूर्वधार निर्माणकार्य गर्न आर्थिक सहयोग गरियो ।

स्थानीयस्तरका विभिन्न सरकारी निकाय, विद्यालय, स्वास्थ्य चौकी, गाविस भवनका र्‍याम्प, ढोकाका चुकुल, अपाङ्गतामैत्री तयार भएका छन् । अपाङ्गता भएका व्यक्तिहरुलाई सेवा सुविधा लिनमा सहज भएको छ । अपाङ्गता भएका बालबालिकालाई पढाइलगायत एक अर्का कोठामा घुमफिर तथा सेवा सुविधा लिने वतावरण बनेको छ । अपाङ्गता भएका व्यक्तिहरुले आफूले चाहिएको तथा गर्न खोजेका कुरा सेवा प्रदायक प्रमुखसँग भेटेर राख्न सकिरहेका छन् । ०

# DESTINATION NEPAL IS FOR ALL !

Pankaj Pradhananga



It was 14th May 2014, birthday of Lord Buddha. Nepal was enjoying a public holiday to mark the full-moon day. We were excitedly waiting in Tribhuvan International airport to welcome a globetrotter like no others, Dr. Scott Rains. Scott was traveling solo to Kathmandu all the way from California, San Jose in the USA. His companion was his wheelchair and or course the best wishes from hundreds of friends across the globe.

Upon arrival in Kathmandu, he looked tired but was very excited about the idea of visiting the stupa with all seeing eyes of Buddha, the Boudhanath on the auspicious day of Birthday of Lord Buddha. After a few hours of check In, we were in Boudhanath stupa rolling his wheelchair while many Buddhist Pilgrims where rolling the Prayer wheels chanting the famous mantras ' Om Mane Padme Hum'. At the end of the day, his face lit up like the thousands butter land in the stupa. He was super happy to be in Nepal.




I met Scott for the first time in Ed Roberts Center, Berkley–California in July 2013, and it was not just a coincidence. Prior to our meeting, we were connected through the social networking sites. He was known as an eminent expert of the accessible Tourism and the advocate of people with disabilities who was voted as a the ' Person of the Year 2009' by New mobility magazine. He had helped number of projects on helping the destinations opening up for accessible tourism to serve better People with disabilities (PWDs). Scott had rolled his wheelchair to many countries. Brazil, Europe, China, India, South East Asia to name a few.

When I arrived at the Ed Roberts center with my nephew, Samit, A very pleasant person on his late 50s was already there to welcome me . He had also invited his friend, a tour operator based on bay area catering to the travelers with disabilities, Mr. Laurent Roff. Three of us got along , we were excited about the idea of opening up Nepal for accessible Tourism. Before we wrapped up the meeting, I asked Scott if he would visit Nepal and help us in gaining a first hand experience of organizing a trip for a person on wheelchair. "I am happy to be 'genie pig' if you invite me for a trip to Nepal" Scott had a soft corner for Nepal. We bought his airticket and looked out for the partners to host his accommodation (Hotel Himalaya, Fulbari resort, Barahi Jungle Lodge and hotel Hyatt Regency).

Upon arrival after over 17 hrs of flight and travelling solo, Scott chose not to miss the opportunity of speaking to the hotel's management. His feedback and and inputs based on the visual assessment were eye openers to the hotel. How small things mattered the most in making the place accessible and wheelchair friendly ? the great learning began on the day one.




We started the tour of Kathmandu valley by visiting Boudhanath Stupa, a UNESCO heritage site which was they most happening site on the Buddya Jayanti. As the largest Buddhist stupa in the country was illuminated with butter lamp and many Buddhist pilgrims were seen taking the KORA of the holy site. The sound of prayers by Buddhist monks and frangnace of Juniper leaves made the site vibrant and lively, it was indeed a perfect place to ice break the sightseeing tour of the valley. More importantly, the walking path around the stupa was accessible to his wheelchair and we also found a fairly accessible restaurant, Flavor where we enjoyed organic Nepalese tea over a warm conversation. I was glad Scott made it to Nepal and it started on a good note. I was also thankful to a local DPO ( Disabled People Organisation) named Center for Independent Living ( CIL) that came forward to provide us with a Trained Personal Attendant in Josh DC. Scott was not just a wheelchair user, his disability was severe as it was a case of spinal injury hence he needed a specially trained attendant. CIL helped us to make his journey a lot more comfortable.

After spending 3 days in Kathmandu doing the sightseeing of the valley, Bhaktapur, Patan and Kathmandu Durbar square, we headed to Chitwan National Park. Scott was fond of wildlife and the idea of seeing animals in wilderness thrilled him the most. Barahi Jungle Lodge did not turn any stone unturned to make his stay comfortable, it made a few temporary ramps to the rooms and public areas. The owner of the Lodge was convinced why he should make the hotel accessible with minor modifications. Aside from organizing an elephant ride in the National Park and bullock Cart ride to the local village, we also planned a step further to create awareness about the potential of accessible Tourism in Nepal. Hence we organized a workshop in Tigerland Resort which was overwhelmingly participated by the managers and Naturalist/ guides of local jungle lodges. What surprised me the most was the sheer passion of Scott to share his expertise with the participants. At the burning 37degree Celsius of a typical May in Chitwan, Scott did not know when to stop!

Pokhara was the next destination after experiencing Chitwan. He was very excited about the energy and enthusiasm shown by the participants in Chitwan. Upon arrival in the Fulbari resort, he asked me if he could do a short ‘hiking’ on his wheelchair. I could just smile at the first place but i realized that he meant it

when he opened a packed box which contained an accessory called ‘ Freewheel’ that would give more mobility to the wheelchair allowing it to roll on the dirt road as well. Josh DC worked almost until midnight to fix the ‘ Freewheel’ based on the manual given, Scott was ready for short hike around Fulbari Resort. After the hike, he had to go to the airport for a real adventure. Pokhara is also known as the capital of air sports as there are many soft adventure that a traveler could enjoy. Be it Ultralight flight, Paraglidig, tandem flight, Pokhara valley offers something to every traveler. You guessed right, Avia club Nepal was kind enough to host him a 30 minutes flight to ensure his rendezvous with the Himalayas, Scott had no



words to explain his experience after the flight. All he could say was ‘ AMAZING’ !

Scott demonstrated incredible stamina as he would not get tired despite of waking up early morning for the Ultralight flight. He was ready to conduct a workshop planned for the local hoteliers and Tour guides right after the flight. He just did not show up at Lakeside Retreat hotel, he also invited a few PWDs from the DPOs based in Pokhara .This made the entire workshop more effective and engaging as the hotels could also see how the local PWDs could be their customer if the facilities are made accessible. Interestingly he also managed to roll his wheelchair for a short hike from Fulbari resort after attaching an incredible device ‘ Freewheel’ to his wheelchair. He could not be happier than this in the valley which is also known as the gateway for Annapurna Trekking.

After an amazing experience in Pokhara, we flew by Buddha Air to Kathmandu. Though it was not a very pleasant experience for him cause there was ambu-lift in Pokhara Airport hence he was carried to the aircraft. The flight was very smooth with a magnificent view of Mount Fishtail and Annapurna en route, he kept clicking to capture the snowcapped Himalayan mountains to his DSLR camera.

Upon his return to Kathmandu, more visits and meetings were awaiting him. Of course, he loved the experience of persuading the policy makers in an interaction program organized in Soaltee hotel. He showed a great enthusiasm while speaking to the audience from various DPOs, he shared his travel experience and encouraged PWDs to raise their voice for right to access and travel in a program organized at US embassy’s hall.

Though Scott was travelling solo in this trip, thousands were closely following him through various social network sites. Needless to say, Nepal got a place in many travelers with disabilities bucket list. Nepal offered him a gift in the form of a 10 days trip, Scott helped Nepal to open up for a new segment of Tourism which was totally unknown to many prior to his trip to Nepal. The snowballing effect was visible after his return to the US as he kept writing and connecting Nepal to the prospective travelers.

Unfortunately Scott passed away on the April 30, 2016 losing his battle against the caner, but won the war for travelers with disabilities in giving out a message loud and clear that ‘ Nepal , despite of infrastructural barriers, is a great destination that no one should miss’ . Nepal will always remain indebt to Rolling Rains for his love and affection to Nepal and Nepalis. Every new ramp in the hotel or public place will make him smile because he knew that Travelling was a great treat to the mind, body and soul.

Scott, May your soul remain happy in the new world....... Adios Amigo !!! 0

# राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका गतिविधि

■ **राजु बस्नेत**
महासचिव, राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल

अपाङ्गता भएका व्यक्तिहरुका अधिकार प्राप्तिका लागि महासङ्घले गरेका गतिविधि यस्ता छन् ः

१. अपाङ्गता अधिकार ऐन कार्यान्वयन गर्न आवश्यक पर्ने नियमावली निर्माणका लागि सरकारले तदारूकता देखाएको छ । यसका लागि महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले एउटा समिति गठन गरेर त्यस समितिमा राष्ट्रिय अपाङ्ग महासङ्घलाई महत्वपूर्ण जिम्मेवारीका साथ समावेश गरेको छ ।

२. सन् २०१६ देखि २०२२ सम्मका लागि शिक्षा विभागले विद्यालय क्षेत्र विकास योजना ल्याएको छ । यस योजनामा अपाङ्गता भएका बालबालिकाका विभिन्न सवाल समावेश गराउन र सीआरपीडीको धारा २४ ले सुनिश्चित गरेका सेवा, सुविधा र व्यवस्थाहरू समावेश गराउन महासङ्घले पैरवी गर्दै आएको छ । यस योजनामा विद्यालयबाहिर रहेका सबै अपाङ्गता भएका बालबालिकालाई विद्यालयभित्र ल्याउने, विद्यालयहरूलाई अपाङ्गतामैत्री बनाउने, शिक्षकहरूलाई अपाङ्गताका विषयमा तालिम दिने, अपाङ्गता भएका बालबालिकाका लागि दिइने छात्रवृत्ति बढाउने, शिक्षण सिकाइ पद्धतिलाई अपाङ्गतामैत्री बनाउने जस्ता कार्यक्रम समावेश गरिएका छन् । यस विषयसँग सम्बन्धित रहेर सरकारले पछिल्लो समयमा स्रोतकक्षासम्बन्धी मापदण्ड निर्देशिकासमेत तयार गरिसकेको छ ।

३. पहुँचयुक्त भौतिक संरचना निर्माणकार्यलाई प्रवर्द्धन गर्न सरकारी संयन्त्रहरुको क्षमता विकासलगायत विभिन्न सरोकारवाला निकायको संलग्नता बढाउने उद्देश्यसहित सीवीएमको सहयोगमा काठमाडौं महानगरपालिकाको सहकार्यमा सञ्चालित परियोजना अन्तर्गत विशेष गरेर सरकारी कर्मचारी, आर्किटेक्ट र इन्जिनियर, विश्वविद्यालयका प्रोफेसरहरूलाई पहुँचयुक्त भौतिक संरचनासम्बन्धी प्राविधिक तालिम तथा अभिमुखीकरण, पहुँचयुक्त वेबसाइट निर्माणसम्बन्धी मार्गदर्शक सामग्री निर्माणलगायत महानगरपालिकाले निर्माण गर्ने विभिन्न सार्वजनिक संरचनाका डिजाइन पहुँचयुक्त बनाउन पैरवी बैठकहरू सम्पन्न गरिएका छन् । यसैगरी, पुनर्निर्माण प्राधिकरण, शहरी विकास मन्त्रालय, सडक विभाग र स्थानीय विकास मन्त्रालयसँग पनि यस विषयमा अन्तरक्रियात्मक बैठक सञ्चालन गरिए ।

४. अहिलेसम्मका उपलब्धि हेर्दा महानगरपालिकाले बनाउँदै गरेका करिब ४२ वटा सार्वजनिक शौचालय अपाङ्गतामैत्री बन्ने भएका छन् । नयाँ बन्ने धरहरालाई अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैका लागि पहुँचयुक्त हुनेगरी बनाउने विषयमा त्यससँग सम्बन्धित प्राविधिक र निर्णयकर्ताहरू सहमत भएका छन् । यस विषयमा थप फलोअप भइरहेको छ ।

५. महासङ्घको नेतृत्वमा विभिन्न राष्ट्रियस्तरका सरोकारवाला संस्थाहरूसँग

मिलेर गरिएको पैरवीको फलस्वरूप नेपाल सरकार पुनर्निर्माण प्राधिकरणले जारी गरेका नीतिगत निर्देशनहरूमा पुनर्निर्माण हुने विद्यालय र सार्वजनिक संरचनाहरू अनिवार्यरूपमा अपाङ्गतामैत्री हुनु पर्ने र अझ विद्यालयको हकमा डिजाइन पहुँचयुक्त नबनाएको खण्डमा त्यसलाई पास गर्न नपाइनेसम्मको प्रावधान रहेको छ ।

६. त्रिभुवन विश्वविद्यालय र काठमाडौँ विश्वविद्यालय अन्तर्गत इन्जिनियरिङ विभागका बनाउन प्रारम्भिक तहदेखि नै सम्बन्धित सरोकारवालाहरूसँग सहकार्य र समन्वय गरी काम गर्न सफलत मिलेको छ ।

७. अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारीमा स्थापित गर्ने, रोजगारदाताहरूलाई तयार गर्ने र अपाङ्गता भएका व्यक्तिहरुको रोजगारीमा सहभागिताको अवस्थामा अध्ययनका काम भइरहेको यस अवधिमा थप १० जना अपाङ्गता भएका व्यक्तिलाई प्रत्यक्षरूपमा रोजगारीमा स्थापित गरिएको छ




काठमाडौँमा प्राविधिकहरूका निम्ति सम्पन्न पहुँचयुक्ततासम्बन्धी अभिमुखीकरण कार्यक्रममा सहभागीहरूलाई स्वागत गर्दै महासङ्घका महासचिव राजु बस्नेत ।

प्रोफेसर र प्रावधिकहरूलाई समावेश गराइएको हुनाले विश्वविद्यालयका पाठ्यक्रममा पहुँचयुक्त भौतिक संरचनासम्बन्धी विषयलाई समावेश गर्न प्रभावकारी पैरवी गर्ने वातावरण तयार हुँदै आएको छ । यसैगरी केही निजी क्षेत्र र सामुदायिकस्तरमा बन्दै गरेका भौतिक संरचना, जस्तैः पार्क र सडक आदिलाई पहुँचयुक्त भने ६० जनाभन्दा धेरैलाई विभिन्न किसिमका तालिम र परामर्श सेवा उपलब्ध गराइएको छ । यसैगरी, अपाङ्गता भएका व्यक्तिहरूको रोजगारीमा संलग्नताको अवस्थाबारेमा गरिएको अध्ययनको प्रतिवेदन लेख्ने काम सम्पन्न भएको छ भने प्रतिवेदनलाई सार्वजनिक गर्ने तयारी भइरहेको छ ।

## आगामी पैरवीका क्षेत्र

१. व्यवस्थापिका संसदमा रहेको अपाङ्गता अधिकार विधेयक पारित गराउन सम्बद्ध सरोकारवाला निकायहरुमा नियमित पैरवी गर्नु पर्ने छ ।

२. महिला, बालबालिका तथा समाजकल्याण समितिले अपाङ्गता अधिकार ऐनको दफावार छलफल गरी महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयलाई त्यस ऐनसँग सम्बन्धित नियमावली बनाउन सुरु गर्नु भनी अख्तियारी दिएको तथा मन्त्रालयले पनि नियमावली मस्यौदाका लागि औपचारिकरुपमा काम अगाडि बढाइरहेको सन्दर्भमा नियमावली चाँडो ल्याउन निरन्तर पैरवी गर्नु छ ।

३. अपाङ्गता भएका व्यक्तिहरुका लागि १० वर्षे नीति तथा कार्ययोजना राज्य परिवर्तित स्थानीय संरचनामा गइसकेको हुँदा सोहीबमोजिम संशोधन गरी अगाडि बढाउनु पर्ने भएको छ ।

४. स्वास्थ्य नीति कार्यान्वयन र कार्ययोजना अनुमोदनका लागि पैरवी र स्वास्थ्यसम्बन्धी कार्यदलमार्फत अपाङ्गता भएका व्यक्तिहरुका समस्या समाधानमा अधिकतम पहल गर्नु छ ।

५. राज्य स्थानीय तहमा गएसँगै त्यससँग सम्बन्धित नयाँ बन्ने र संशोधन हुने नीति, ऐन कानूनहरुमा निरन्तर पैरवी गर्नु छ ।

६. गत मङ्सिर २७ र २८ गते सम्पन्न अपाङ्गता भएका व्यक्तिहरुको महाभेलाले जारी गरेको काठमाडौँ घोषणापत्र कार्यान्वयनका लागि सरोकारवाल निकायहरुको नियमितरुपमा ध्यानाकर्षण गराउनु छ ।

७. शिक्षा नियमावलीमा अपाङ्गता भएका व्यक्तिहरुका सवाल समावेश गराउन र अपाङ्गता भएका अस्थायी शिक्षकहरुलाई प्रक्रिया पुर्‍याएर स्वतः स्थायी गराउन नियमित पैरवी गर्नु छ ।

## क्षेत्रीय गतिविधि

## पश्चिमाञ्चल क्षेत्रीय कार्यालयका गतिविधि

### ध्यानाकर्षणपत्र

भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९ अनुसार रूपन्देहीका भौतिक संरचना र बन्दै गरेका सडक अपाङ्गतामैत्री बनाउन पहल गर्ने र अनिवार्य कार्यान्वयन गराउने उद्‌देश्यका साथ रूपन्देहीका डीपीओहरु र राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल पश्चिमाञ्चल क्षेत्रीय कार्यालयको



नेतृत्वमा जिल्ला प्रशासन कार्यालय रूपन्देहीमा ध्यानाकर्षणपत्र बुझाइएको छ । साथै, पश्चिमाञ्चल क्षेत्रका सबै जिल्लालाई अपाङ्गतामैत्री बनाउन गरेको पहल अनुसार नवलपरासी जिल्लामा फेब्रुअरी १९ र फेब्रुअरी २५, २०१७ मा कास्की जिल्लामा पनि ध्यानाकर्षणपत्र बुझाई सम्बन्धित सरोकारवाला कार्यालयलाई बाध्यात्मक नियम बनाई कार्यान्वयनका लागि अनुरोध गरिएको छ ।

त्यसैका कारण जिल्ला प्रशासन कार्यालयहरूले सम्बधित कार्यालयलाई परिपत्र गरी कार्यान्वयनका लागि निर्देशन गर्नुका साथै सम्बन्धित कार्यालयहरूले पनि कार्यान्वयनका लागि प्रतिबद्धता जनाएका पत्र जिल्ला प्रशासन कार्यालयमा पठाएका छन् ।

यसै सिलसिलामा राजधानीबाहिर पहिलो पटक रूपन्देही जिल्लामा अपाङ्गतामैत्री आकासे पुलको निर्माण कार्यसमेत सुरु भइसकेको छ ।




## १५ दिने कुसन बनाउने तालिम

अपाङ्गता भएका व्यक्तिहरूलाई आत्मनिर्भर गराउने उद्‌देश्यका साथ सौ फर्साटिकर अपाङ्ग समन्वयन समितिको आयोजना राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालको समन्वय र सौ फर्साटिकर गाउँपालिकाको आर्थिक सहयोगमा १५ दिने कुसन बनाउने तालिम सम्पन्न भएको छ ।

तालिमका १५ सहभागीमध्ये ५ जनाले सामूहिक पसल सञ्चालन गरी आत्मनिर्भरताका लागि अगाडि बढिरहेका छन् ।

## पश्चिमाञ्चल क्षेत्रीय समितिको नवौँ साधारणसभा

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल पश्चिमाञ्चल क्षेत्रीय समितिको नवौँ साधारणसभा २०७३ चैत ११ र १२ गते विश्व हिन्दु महासङ्घको सभाहल बुटवलमा सभ्य र भव्यताका साथ सम्पन्न भएको छ ।

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका केन्द्रीय अध्यक्ष सुदर्शन सुवेदीको प्रमुख आतिथ्य तथा क्षेत्रीय अध्यक्ष कल्पना ढकालको अध्यक्षतामा सम्पन्न साधारणसभामा अपाङ्गता क्षेत्रमा अमूल्य योगदान गर्नुभएका अग्रजहरूलाई सम्मान गरियो ।

पश्चिमाञ्चल क्षेत्रका dpos का प्रतिनिधि, पर्यवेक्षक, विभिन्न सरकारी तथा गैरसरकारी कार्यालयका कार्यालय प्रमुख, स्वयंसेवकका साथै पत्रकारसहित साधारणसभामा पश्चिमाञ्चल क्षेत्रका १२३ जनाको उपस्थिति रह्यो ।

## मध्यमाञ्चल क्षेत्रीय कार्यालयका गतिविधि

मध्यमाञ्चल क्षेत्रीय समितिले नोभेम्बर १८ का दिन आफ्नो छैठौँ साधारणसभा तथा पाँचौँ

अधिवेशन भव्यताका साथ काठमाडौँमा सम्पन्न गर्‍यो ।

अधिवेशनले गंगाप्रसाद वाग्लेको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गर्‍यो । कार्यसमितिका उपाध्यक्ष्य, सचिव, सहसचिव र कोषाध्यक्षमा क्रमशः सरिता थापा मगर, सुनिल थापा मगर, सन्तोष पौडेल, प्रेमकुमारी लिम्बू निर्वाचित हुनुभयो । कार्यसमिति सदस्यमा शान्ति नकर्मी, लक्ष्मी नेपाल, जयप्रकाश ठाकुर, उपेन्द्र राउत, ऋषिराम ढकाल, गर्भेबहादुर मिजार र मिङ्गमा तामाङ चुनिनुभयो ।

अधिवेशनको अघिल्लो दिन अर्थात नोभेम्बर १७ तारिखका दिन क्षेत्रीयस्तरबाट CRPD को छायाँ प्रतिवेदनका लागि सुझाव सङ्कलन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरियो । ७४ जनाको उपस्थिति रहेको कार्यक्रममा महासङ्घका महासचिव राजु बस्नेतले सहजीकरण गर्नुभयो ।

त्यसैगरी, नोभेम्बर १८ का दिन काठमाडौँमै ४९ जना विभिन्न अपाङ्गता भएका व्यक्तिहरूका संस्थाका प्रतिनिधिको उपस्थितिमा समावेशी शिक्षाको महत्व र उनीहरूको भूमिकाबारे स्पष्ट पार्न एक दिने तालिम आयोजना गरियो । तालिममा राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका उपाध्यक्ष टीकादेवी दाहालले सहजकर्ताको भूमिका निर्वाह गर्नुभयो ।

नयाँ कार्यसमिति, क्षेत्रीय कर्मचारी तथा केही अन्य अपाङ्गता भएका व्यक्तिहरूका संस्थाका प्रतिनिधिलाई समावेश गरी १९ नोभेम्बरका दिन काठमाडौँमा एक दिने "संस्थागत विकासका लागि सुशासनको महत्व" विषयक कार्यक्रम पनि आयोजना गरियो । छप्पन्न जनाको सहभागिता रहेको त्यस कार्यक्रमाको प्रमुख उद्देश्य नयाँ कार्समितिलाई संस्थागत विकासका लागि सुशासनको महत्व बुझाउनुका साथै राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालको इतिहास, भावी कार्यक्रम तथा यसका नीति नियम प्रष्ट पार्नु पनि थियो ।

तालिममा राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका अध्यक्ष सुदर्शन सुवेदीले महासङ्घको इतिहासबारे छोटो जानकारी दिनुका साथै महासङ्घ अपाङ्गता भएका व्यक्तिहरूको हक र अधिकार प्राप्तिका लागि किन आवश्यक छ र यसमा अभियानकर्ताको भूमिका किन महत्वपूर्ण छ भन्ने र महासचिव राजु बस्नेतले महासङ्घका नीति नियमबारे जानकारी प्रादान गर्नुभयो ।

त्यही कार्यक्रममा माइ राइट्स नेपाकका





प्रतिनिधि शिव रायमाझीले सुशासन र संस्थागत विकासमा यसको आवश्यकता किन महत्वपूर्ण छ भन्ने जानकारी गराउनुभयो ।

पच्चिसौँ अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको उपलक्ष्य पारी डिसेम्बर २ का दिन मकवानपुर जिल्लाको हेटौँडामा अपाङ्गता भएका व्यक्तिहरूका संस्थाका प्रतिनिधिका लागि समावेशी शिक्षाबारे एक दिने तालिम आयोजना गरियो ।

समावेशी शिक्षाको महत्व र आश्यकतासँगै अपाङ्गता अधिकारकर्मीहरूले यसलाई प्रभावकारी बनाउनका लागि निर्वाह गर्नु पर्ने भूमिकाबारे स्पष्ट पार्न आयोजना गरिएको तालिममा ७० जना सरोकारवालाको प्रतिनिधित्व रह्यो । तालिममा लेखाजोखा केन्द्र मकवानपुरका जमुना तितुङले सहजीकरण गर्नुभयो ।

त्यस्तै, डिसेम्बर ३ का दिन अपाङ्गता भएका व्यक्तिहरूको सार्वजनिक यातायातमा सिट आरक्षण तथा भाडादरमा सहुलियतको विषयलाई लिएर मकवानपुरको हेटौँडा बजारमा विभिन्न अपाङ्गता भएका व्यक्तिका संस्था र महिला विकास कार्यलय तथा कोसानसँगको सहकार्यमा वृहत् र्‍याली आयोजना गरियो ।

त्यस कार्यक्रमका क्रममा लामो तथा छोटो दूरीमा चल्ने सार्वजनिक यातायातका साधनमा अपाङ्गता आरक्षण सीटको व्यवस्था भए/नभएको अनुगम गर्नुका साथै त्यस विषयबारे बनाइएको स्टिकर टाँस्ने काम पनि गरियो ।

जिल्ला प्रहरी कार्यलयका प्रतिनिधिको पनि उपस्थित रहेको कार्यक्रममा अब यात्राका क्रममा सवारीसाधनमा अपाङ्गता भएका व्यक्तिहरूमाथि दुर्व्यवहार भएमा कारबाही हुने कुराको प्रतिबद्धता पनि प्रहरी निरीक्षकले जनाउनुभयो ।

## पूर्वाञ्चल क्षेत्रीय कार्यालयका गतिविधि

### अपागङ्तासम्बन्धी पूर्वाञ्चल मानव अधिकार महाभेला

राष्ट्रिय अपाङ्ग महासङ्घ पूर्वाञ्चल क्षेत्रीय कार्यालय र संखुवासभा अपाङ्ग सङ्घको संयुक्त

प्रयासमा २०७३ फागुन २३ गते संखुवासभा जिल्लामा आयोजित पूर्वाञ्चल मानव अधिकार महाभेला १९ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ ।

अपाङ्गताका क्षेत्रमा कार्यरत अधिकारकर्मी तथा सरोकारवालाहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार, त्यस्ता अधिकारको हनन् कसरी भइरहेको छ र समाधानका लागि कसरी सङ्गठितरूपमा अगाडि बढ्ने भन्ने सन्देश प्रवाह गर्ने उद्देश्यले यो महाभेला आयोजना गरिएको हो ।

अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारको अवस्थाप्रति आम सरोकारवाला संवेदनशील बन्न नसकिरहेको अवस्थामा आयोजित महासभामा पूर्वाञ्चलभरिका अपाङ्गता क्षेत्रमा क्रियाशील अगुवा प्रतिनिधिसमेत लगभग १५० जनाको उपस्थिति रह्यो ।

कार्यक्रममा पूर्वाञ्चल क्षेत्रीय कार्यलयका तर्फबाट समग्र मानव अधिकारको अवस्थाबारेमा क्षेत्रीय अध्यक्ष रामबहादुर कार्कीले कार्यपत्र प्रस्तुत गर्नुभयो ।

केन्द्रीय महासचिव राजु बस्नेत संलग्न टोलीले कार्यक्रमको निचोडको रूपमा संखुवासभा घोषणापत्रको मस्यौदा तयार गरेको हो ।

पूर्वाञ्चलमा पहिलो पटक आयोजना गरिएको केन्द्रीय अध्यक्ष र महासचिवसहितको उपस्थितिमा सञ्चालित कार्यक्रमका क्रममा र्‍यालीसहित नगर परिक्रमासमेत गरियो ।

महाभेला आयोजना गर्न सरोकारवाला निकायहरूको पूर्ण सहयोग र समर्थन रह्यो भने स्थानीय सम्पूर्ण सञ्चार माध्यमले कार्यक्रमका बारेमा ठूलो महत्वका साथ आम जनसमुदायमा सूचना प्रवाह गरे ।

कार्यक्रममा लामो समयदेखि अपाङ्गता अधिकारका क्षेत्रमा सक्रिय महिला अधिकारकर्मीहरू विमला बुढाथोकी (संखुवासभा) र पार्वता श्रेष्ठ



(झापा) लाई क्षेत्रीय कार्यालयका तर्फबाट उहाँहरूको योगदानको उच्च मूल्याङ्कन गर्दै सम्मान तथा कदरपत्र प्रदान गरियो ।

## सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यलयका गतिविधि

### सुशासनसम्बन्धी तालिम

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालले एफ.एफ. सँगको साझेदारीमा सुदूरपश्चिम विकास क्षेत्रमा रहेका महासङ्घका सदस्य संस्थाका प्रतिनिधिका साथै क्षेत्रीय कार्यसमितिका पदाधिकारीका लागि २ दिने संस्थागत सुशासन, संस्थामा सुशासन कायम गर्नु पर्ने पद्धति र प्रक्रियाहरूका बारेमा आवश्यक ज्ञान बढाउन तालिम अयोजना गर्‍यो । तालिमपछि महासङ्घका सदस्य संस्थामा काम गर्ने कार्यशैलीमा एकरूपताका सथै सुशासनका पक्षमा राम्रो हुने उद्देश्यले क्षेत्रीय कार्यालयको अयोजनामा २०७४ असोज ७ र ८ गते महेन्द्रनगरमा भएको तालिममा सुदूरपश्चिम विकास क्षेत्रका ९ जिल्लाबाट २० वटा संस्थाका ६ महिला र २३ पुरूषको सहभिगतामा रह्यो ।

### समावेशी शिक्षासम्बन्धी तालिम

एफ.एफ. सँगको साझेदारीमा क्षेत्रीय सुदूरपश्चिमाञ्चल कार्यालयको आयोजनामा २०७३ पुस १० र ११ गते कैलाली जिल्लाको धनगढीमा स्थानीय विद्यालयमा अपाङ्गता भएका बालबालिकाका लागि CRPD को धारा २४ अनुकूल समावेशी शिक्षा प्रवर्द्धन गर्ने उद्देश्यले शिक्षक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका प्रतिनिधिका लागि समावेशी शिक्षासम्बन्धी २ दिने तालिम सम्पन्न गरियो । तालिममा कैलालीका ७ र कञ्चनपुरका ६ वटा विद्यालयबाट ३० जनाको सहभागिता रह्यो ।

यसैगरी २०७३ पुस १४ र १५ गते कैलाली जिल्लाको टीकापुरमा स्थानीय अपाङ्गता भएका व्यक्तिहरूका संस्थाका पदाधिकारीलाई अपाङ्गता भएका बालबालिकाहरूका लागि समावेशी शिक्षालाई प्रवर्द्धन गर्न जिल्लास्तरमा समावेशी शिक्षाको वातावरण तयार गर्न सम्बन्धित निकायहरूसँग पैरवी र समन्वय गर्ने उद्देश्यले राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका सदस्य संस्थाका पदाधिकारीहरूका लागि समावेशी शिक्षासम्बन्धी २ दिने तालिम आयोजना गरियो । तालिममा सुदूरपश्चिमका ९ जिल्लाबाट ३० जनाको सहभागिता रह्यो ।

### CRPD छायाँ प्रतिवेदनका लागि सुझाव सङ्कलन

यस क्षेत्रमा क्रियाशील अपाङ्गता भएका व्यक्तिहरूका संस्थाका प्रतिनिधि, सरोकारवाला सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधिहरूसमेतको सहभागितामा १ दिने क्षेत्रीयस्तरको CRPD छायाँ प्रतिवेदनका लागि सुझाव सङ्कलन गर्ने उद्देश्यका साथ कार्यक्रम आयोजना गरियो ।

चौतिस जनाको सहभागिता रहेको कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका वरिष्ठ उपाध्यक्ष देवीबहादुर पोखरेलले सहजीकरण गर्नुभयो ।

## मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालयका गतिविधि

### ह्विलचियर दौड

अपाङ्गता भएका व्यक्तिहरूमा अन्तर्निहित क्षमता विकास गर्ने उद्देश्यका साथ २०७३ मङ्सिर ५ (२० नोभेम्बर २०१६) मा नेपालगञ्जको खेलकुद रंगशालामा ५०० मिटरको ह्विलचियर दौड प्रतियोगिता आयोजना गरियो ।

मध्यपश्चिमाञ्चल खेलकुद विकास समिति

र क्रियटिभ्स ह्याण्डको आयोजना तथा राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय र बाँके जिल्लामा क्रियाशील विभिन्न सङ्घ संस्थालगायत महासङ्घमा आबद्ध संस्थाहरूको सह आयोजनामा दोस्रो म्याराथुन दौड २०१६ अन्तर्गत यो कार्यक्रम आयोजना भएको हो ।

सीआरपीडीको धारा ३० मा उल्लेख भएबमोजिम क्षेत्रीय कार्यालयले समन्वय तथा सहकार्य गरेर प्रतियोगितामा ह्वीलचियर प्रयोगकर्ता शारीरिक अपाङ्गता भएका व्यक्तिहरू दयाराम अधिकारी, यज्ञबहादुर खत्री, कलमबहादुर बस्नेत, थमन चौधरी, नन्कु चौधरी र मस्तराम विश्वकर्माले प्रतिस्पर्द्धा गर्नुभयो ।

प्रतियोगितामा कलमबहादुर बस्नेत प्रथम, नन्कु चौधरी दोस्रो र यज्ञबहादुर खत्री तेस्रो भई पुरस्कारस्वरूप क्रमशः ५,०००।-, ३,०००।- र २,०००।- नगदसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नुभयो ।

यसै कार्यक्रमका क्रममा दृष्टिविहीन अपाङ्गता भएका बालकहरू सञ्जिव चौधरी, विष्णु बिक र शिवराज बिकले नेपाली आधुनिक गीत गाएर दर्शकलाई मनोरञ्जन गराउनुभयो । उहाँहरूलाई प्रोत्साहनस्वरूप प्रतिव्यक्ति ५०० रुपियाँका दरले क्षेत्रीय कार्यालयले उपलब्ध गरायो ।

यस कार्यक्रमको सबै व्यवस्थापन क्षेत्रीय कार्यालयले गरेको थियो ।

यस कार्यक्रमले अपाङ्गता भएका व्यक्तिहरूले सही अवसर पाए आफ्ना क्षमता देखाउन सक्छन् र अपाङ्गता भएका व्यक्तिहरूमा पनि क्षमता हुन्छ भन्ने सन्देश जन मानसमा पुर्‍याउन सहयोग गरेको निष्कर्ष निकालिएको छ ।

दर्शकले यस कार्यक्रममा मनोरञ्जन लिइरहेको देखियो भने उनीहरूले राम्रा प्रतिक्रिया पनि व्यक्त गरे ।

## शाखा गठन एवं राहत प्रदान

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल






मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालयको समन्वय र श्री राधा मानव समिति नेपालले २०७३ माघ ६ (१९ जनवरी २०१७) मा अति गरिब दृष्टिविहीन र बहिरा अपाङ्गता भएका ३४ जना बालबालिकालाई राहत सामग्री वितरण गरियो ।

श्री राधा मानव समिति नेपालको शाखा गठन कार्यक्रममा विभिन्न विद्यालयमा अध्ययनरत विद्यर्थीलाई समिति नेपालले एउटा एउटा कम्बल प्रदान गरिएको हो ।

प्रमुख अतिथि बाँकेका प्रमुख जिल्ला अधिकारी रवीलाल पन्त र विशिष्ट अतिथि जिल्ला प्रहरी कार्यालय बाँकेमा कार्यरत प्रहरी उपरीक्षक टेकप्रसाद राई रहनुभएको कार्यक्रमको समन्वय महासङ्घको क्षेत्रीय कार्यालय गरेको हो ।

राहत प्रदान गरिएका बालबालिका स्रोत विद्यालय श्री लग्दहवा मावि नेपालगञ्ज, आवासीय विद्यालय श्री नेरा आदर्श निमावि डीगाउँ खजुरा र श्री त्रिभुवन उमावि कोहलपुर बाँकेमा अध्ययनरत छन् ।

## वार्षिक साधारणसभा

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालयको १५ औँ वार्षिक साधारणसभा २०७३ चैत १७ गते (३० मार्च २०१७) मा आयोजना गरियो ।

त्यस अवसरमा क्षेत्रीय कार्यालयका सचिव र कोषाध्यक्षले आ.व. २०७२-७३ को कार्यप्रगति तथा आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो भने प्रस्तावित कार्यक्रम तथा बजेट पारित गरियो ।

महासङ्घका केन्द्रीय महासचिव राजु बस्नेतको प्रमुख आतिथ्यमा भएको साधारणसभाको उद्घाटन कार्यक्रममा महासङ्घका केन्द्रीय सदस्य देवीदत्त आचार्य, शिशिर खनाल, जमुना तितुङ्ग, निर्मलकुमार श्रेष्ठ, सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालयका अध्यक्ष भीम शाह, सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, गैसस कार्यालय, पत्रकारलगायत सदस्य संस्थाहरुबाट गरी ०८७ जनाको उपस्थिति रह्यो । ०

# अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण निर्देशिका, २०६५ को संशोधनमा के छ ?

लामो समयको छलफल र परामर्शपछि नेपाल सरकारले २०७३ माघ ६ गते अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण निर्देशिका, २०६५ लाई समयसापेक्ष हुनेगरी पहिलो संशोधन गरेको छ । संशोधन गरिएको निर्देशिकाको पूर्णपाठ यस्तो छ ः

## अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण (पहिलो संशोधन) निर्देशिका, २०७३

प्रस्तावना ः

अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण निर्देशिका, २०६५ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस निर्देशिकाको नाम "अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण (पहिलो संशोधन) निर्देशिका, २०७३" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकार, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।

२. अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण निर्देशिका, २०६५ को दफा ७ मा संशोधन ः अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण निर्देशिका, २०६५ (यसपछि "मूल निर्देशिका" भनिएको) को दफा ७ को खण्ड (क) पछि देहायको खण्ड (क१) थप गरिएको छ :

(क१) पुनर्स्थापना गृहमा बसिरहेकाहरूको हकमा पुनर्स्थापना गृहको अनुरोधमा परिचयपत्र सिफारिश समितिको सिफारिशमा सोही जिल्लाबाट अपाङ्गता परिचयपत्र उपलब्ध गराउन सकिने छ ।

३. मूल निर्देशिकाको दफा ७ को खण्ड (घ) देहायको प्रतिबन्धात्मक बाक्यांश थप गरिएको छ : "तर सहायक प्रमुख जिल्ला अधिकारी लामो समयसम्म अनुपस्थित रहेको अवस्थामा प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृतले समितिको संयोजकत्व गर्नेछ ।"

४. मूल निर्देशिकाको दफा ७ को खण्ड (ङ) देहायको खण्ड (ढ) थपिएको छ :

(ढ) पुनरावलोकन समिति ः (१) परिचयपत्र सम्बन्धमा परेका उजुरीको छानविन गर्न देहायबमोजिमको पुनरावलोकन समिति रहने छ ः

१. प्रमुख जिल्ला अधिकारी संयोजक
२. स्थानीय विकास अधिकारी सदस्य
३. जिल्ला अस्पताल प्रमुख वा निजले तोकेको अधिकृत चिकित्सक सदस्य
४. जिल्ला सरकारी वकील कार्यालयका अधिकृत प्रतिनिधि सदस्य
५. समाज कल्याण अधिकृत सदस्य सचिव

(२) वितरण गरिएको अपाङ्गता परिचयपत्र सम्बन्धमा कुनै उजुरी पर्न आएमा वा कुनै कारणवश परिचयपत्र नपाउनु पर्ने व्यक्तिले अपाङ्गता परिचयपत्र प्राप्त गरेको प्रमाणित भएमा उपदफा (१) बमोजिमको समितिले आवश्यक प्रमाण बुझी निर्णय गर्ने ।

(३) उमेर, अपाङ्गताको प्रकृति वा उपचारको कारणबाट अपाङ्गताको अवस्थामा परिवर्तन भएमा (घटेमा वा बडेमा) (१) बमोजिमको समितिको निर्णय अनुसार अपाङ्गता परिचयपत्रको वर्गीकरणमा हेरफेर गर्न वा रद्द गर्न सकिने छ ।" ०